# परिच्छेद : एक

## परिचय

### १. १. अध्ययनको पृष्ठभूमि

राष्ट्रको सर्वपक्षीय उत्थानको लागि सशक्त, सृजनशील र चिन्तनशील जनशक्ति अपरिहार्य हुन्छ । राष्ट्रको बढ्दो शैक्षिक माग र दक्षिण एसियाका मुलुकहरूमा प्रमाणपत्र तहलाई विद्यालयको शैक्षिक संरचनाभित्र समावेश गरिएको अवस्थामा उच्च माध्यमिक शिक्षाको आवश्यकता महसुस गरी वि. सं. २०४५ सालमा तत्कालीन राष्ट्रिय शिक्षा समितिले एउटा कार्यदल गठन गऱ्यो । यसै क्रममा २०४५ चैत्र १६ र १७ गते पूर्वाञ्चलको झापामा प्रथम राष्ट्रिय गोष्ठीको आयोजना गरी उच्च माध्यमिक शिक्षालाई शिक्षाको राष्ट्रिय संरचनाभित्र समायोजन गर्न सिफारिस गऱ्यो । उच्च माध्यमिक शिक्षासम्बन्धी दोस्रो राष्ट्रिय गोष्ठी २०४६ जेठ ३० र ३१ गते काठमाडौंमा आयोजना गरियो । यसको सिफारिसस्वरूप जनसहभागिता परिचालन गरी गुणस्तरयुक्त मध्यमस्तरीय जनशक्तिको उत्पादन गर्न प्रचलित १० वर्षे विद्यालय शिक्षामा २ वर्षको एक शैक्षिक तह थप गर्न आवश्यक देखियो । उक्त तहको शिक्षाको स्वरूप, स्तर, सञ्चालन र नियन्त्रणको समेत व्यवस्था गर्न २०४६ कार्तिक ११ गते उच्च माध्यमिक शिक्षा ऐन, २०४६ प्रकाशमा आयो । यसै क्रममा २०४६ फागुन १२ गते उच्च माध्यमिक शिक्षा परिषद सचिवालयको स्थापना भयो र तत्कालीन माननीय शिक्षा तथा संस्कृति मन्त्री केशरजङ्ग रायमाझीको अध्यक्षतामा १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद् गठन भयो (उच्च माध्यमिक शिक्षा परिषद्, २०४६; शिक्षा तथा खेलकुद मन्त्रालय, २०५७) ।

२०४६ सालमा बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको पुनर्स्थापनापश्चात् जनताको जनादेशबमोजिम नेपाल अधिराज्यको संविधान, २०४७ को आशय मुताविक राष्ट्रिय शिक्षा नीति निर्धारण र श्री ५ को सरकारलाई सुझावसमेत पेश गर्न २०४७ साल फागुन १४ गते तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीको अध्यक्षतामा राष्ट्रिय शिक्षा आयोग गठन भयो । उक्त आयोगको प्रतिवेदनले माध्यमिक शिक्षाको संरचनामा १० वर्षको अतिरिक्त २ वर्ष थप गरी १२ वर्षको माध्यमिक शिक्षा हुनुपर्ने सिफारिस गऱ्यो । उक्त आयोगले बालबच्चाहरूलाई उच्च शिक्षा दिनमा हुने खर्चको कटौती हुने, सर्वसुलभ तरिकाले घरआँगनमै शिक्षा प्रदान गरिने, उमावि तहको शिक्षा पूरा गर्नेबित्तिकै कमाएर खान सक्षम

गराउने, विद्यार्थीको शिक्षाको स्तरलाई वृद्धि गर्ने, १६ वर्षको उमेरमै विद्यालयको वातावरणमा अध्ययन गराउन र शिक्षकहरूको वृत्तिविकासको अवसर प्रदान गर्न उच्च माध्यमिक शिक्षाको व्यवस्था गर्नुपर्ने धारणा अगाडि सारेको पाइन्छ (, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९) ।

तीव्र विकास र परिवर्तनको अवस्थाका रूपमा परिचित किशोरावस्थाका बालबालिकाहरूलाई उनीहरूको मनोवैज्ञानिक र संवेगात्मक परिवर्तन र त्यसबाट उत्पन्न प्रभावहरूलाई केन्द्रविन्दुमा राखी उनीहरूको विकासका सहयोगी शिक्षाको रूपमा दुई वर्षे उच्च माध्यमिक शिक्षाको व्यवस्था गरिएको हो । विश्वव्यापीकरणले विश्वलाई गाउँमा परिणत गरिदिएको छ । आजको ज्ञान भोलिको ज्ञान आर्जनका लागि साधन बन्न सक्दछ तर उपयोगी नहुन सक्छ । वैज्ञानिक विकासले ज्ञानको आविष्कारलाई दिनानुदिन जटिल र नयाँ बनाउँदै लगेको छ । उदार बसाइँ सराइको नीतिका कारण व्यक्ति विश्वको कुनै पनि स्थान विशेषमा रोजगार, अध्ययन, भ्रमण जस्ता अवसरको खोजीमा लागिपरेको हुन्छ । अवसरमा आफ्नो पहुँच बढाउन र प्रतिस्पर्धी विश्वमा सुहाउँदिलो र योग्य भएर बाँच्न व्यक्ति बढी सीपयुक्त, ज्ञानयुक्त, व्यावहारिक र वैज्ञानिक सोचले भरिपूर्ण हुनुपर्ने स्थितिको सृजना भएको छ । यस्तै परिवेश र परिस्थितिले सृजित विश्वव्यापीकरणको स्वाभाविक प्रभाव शिक्षाविद् तथा बौद्धिक जगत्को अनुभूति र मुलुकको भूधरातलीय यथार्थको कारणले नै उच्च माध्यमिक शिक्षा प्रणाली लागू गरिएको हो । यस तहको शिक्षाको विकासक्रम र विस्तार, यसले मुलुकको शिक्षा विकासका लागि पुऱ्याएको योगदान र यस तहको शिक्षा प्रणालीप्रति विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, बुद्धिजीवी, सामाजिक कार्यकर्तालगायत क्षेत्रबाट गरिएको विश्वास, लगानी र वचनबद्धताले उच्च माध्यमिक शिक्षा प्रणालीको अनिवार्यता र अपरिहार्यताबारे कोही कसैले प्रश्नचिह्न खडा गर्न सक्ने अवस्था देखिँदैन । वर्तमान अवस्थामा उच्च माध्यमिक शिक्षा कार्यक्रम सामुदायिक उच्च माध्यमिक विद्यालय, संस्थागत उच्च माध्यमिक विद्यालय र + २ विद्यालयको रूपमा सञ्चालन भइरहेका छन् ।

नेपाल सरकारले देशको माध्यमिक तहको शिक्षा संरचनामा उच्चशिक्षा तहको प्रविणता प्रमाणपत्र तहलाई देशको सामाजिक, मनोवैज्ञानिक भावनालाई उच्च सम्मान गरि राजधानिभन्दा टाढा रहेका सहर, गाउँ आदिमा संन्चालन भईरहेका विद्यालयहरु भित्रै उच्च शिक्षाको प्रथम तह लाई समावेश गरी अभिभावकहरुको आफ्नै प्रत्यक्ष्य निगरानिमा शिक्षा प्रदान गर्ने अधिकारलाई सुरक्षित गरेको छ । यस प्रकारको राष्ट्यि शिक्षा कार्यक्रमले हालको

सुचना पद्धतिको प्रचुर विकाश र कुलतका प्रसस्त सम्भावनायुक्त परिवेशमा सवै क्षेत्रका अभिभावकहरुलाई आफ्ना नानिहरु प्रतिको जिम्वेवारी वहन गर्ने गराउने लक्ष्य समेत अवलम्वन गरेको छ । जसले गर्दा अध्ययनमा संलग्न वालवालिकाहरु विकृतिका जनजालभित्र पस्न नपाउन् भन्ने उदेश्य लिएको छ ।

## १. २. समस्याको कथन

उच्च माध्यमिक विद्यालय सञ्चालन भएदेखि हालसम्म धेरै प्रयास र परिवर्तनहरू हाम्रोबीचमा भइरहेका छन् । विश्वविद्यालयको प्रमाणपत्र तहलाई पूर्णरूपले प्रतिस्थापन गरी विद्यालय संरचनामा समावेश गर्न यसको सुरुवात + २ कार्यक्रमको रूपमा लागू गर्ने नीति ल्याइयो । यस कार्यक्रमले विस्तारै प्रभावकारिता प्राप्त गर्दै अघि बढ्यो । हाल + २ कार्यक्रमलाई समेत निरुत्साहित गर्ने नीति अघि सारिएको अवस्था छ । यसलाई पूर्ण रूपले विद्यालय संरचनामा समावेश गरी प्रभावकारी कार्यक्रमको रूपमा स्थानीयस्तरमा सञ्चालन गरिँदै आएको छ । विश्वव्यापीकरणको प्रतिस्पर्धालाई आत्मसात गर्ने दक्ष नागरिक उत्पादन गर्न/गराउनका लागि उच्च माध्यमिक विद्यालय सामुदायिक र संस्थागत गरी दुई विद्यालयको रूपमा सञ्चालन भइरहेका छन् । सामुदायिक विद्यालय, जो सरकारी आंशिक लगानीमा सञ्चालन भइरहेको हुन्छ । त्यस विद्यालयमा सञ्चालित उच्च माविलाई सरकारले आवश्यक बजेट नछुट्याएका कारणले विद्यार्थीको शुल्कद्वारा उमावि तह सञ्चालन गर्नुपर्ने हालको अवस्था छ । त्यस्तै संस्थागत उमाविलाई त विद्यालय संरचनाको कुनै पनि तहमा सरकारी लगानी नभएकोले विद्यालयको योजना, संगठन, व्यवस्थापन, सञ्चालनका सम्पूर्ण जिम्मेवार विद्यार्थीहरू हुन् । विद्यालय सञ्चालनका लागि चर्को शुल्क लगाएर कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । सामुदायिक र संस्थागत उमाविमा व्यवस्थापन, संशाधन प्रयोग र वितरणमा भिन्नता रहे तापनि ती विद्यालयहरू आआफ्नै अस्तित्व कायम गरी सञ्चालित छन् । यी दुवै विद्यालयको आआफ्नै उपलब्धिस्तर रहेको छ ।

यी दुवै विद्यालयबीच सिकाइ उपलब्धि तुलना गर्नु जरुरी छ । विद्यार्थीको उत्तीर्ण प्रतिशत र उपलब्धिस्तरमा आर्थिक, भौतिक, शैक्षिक पक्षले प्रत्यक्ष रूपमा असर पारेको हुन्छ । संस्थागत र सामुदायिक विद्यालयको विद्यार्थीहरूको विषयगत उपलब्धि के कति छ ? संस्थागत र सामुदायिक विद्यालयमा आर्थिक, भौतिक, शैक्षिक सुविधाहरू के कस्ता रहेछन् ? हालसम्म अध्ययन भएको छैन । तसर्थ सामुदायिक र संस्थागत विद्यालयका उच्च मावि

तहका विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर तुलना गर्न सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि तुलनात्मक अध्ययन गरिएको छ ।

## १. ३. अध्ययनको औचित्य

प्रत्येक अनुसन्धानका आआफ्नै औचित्य हुने गर्दछन् । यस अध्ययनले पनि सामुदायिक र संस्थागत विद्यालयको व्यवस्थापन समूहको सम्पूर्ण विषयहरुको कक्षा १२ उत्तीर्ण परीक्षाको बारेमा तुलनात्मक अध्ययन गरिने हुनाले शिक्षा क्षेत्रमा छुट्टै महत्व रहेको छ । यस अध्ययनले सामुदायिक र संस्थागत उच्च माध्यमिक विद्यालयबीच कक्षा १२ को परीक्षामा के कस्ता समानता र असमानता रहेका छन् भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुऱ्यएकोछ । यसै गरी सामुदायिक र संस्थागत विद्यालयको कक्षा १२ को परीक्षाको व्यवस्थापन समुहको सवै  विषयहरुको परिणाममा भिन्नता आउनुका कारणहरू समेत अध्ययन गरिएकोले के कस्ता कारणले गर्दा कक्षा १२ को परीक्षाको परिणाममा भिन्नता आएको रहेछ सो समेत जानकारी गराएको छ । यसका साथै नतिजामा भिन्नता ल्याउने कारणहरूको न्यूनीकरण तथा समाधानका उपायहरू समेत उल्लेख गरिएको छ ।

यस अध्ययनको मदतले पाठ्यक्रम सुधार, परिमार्जन र कार्यान्वयनमा सहयोग पुग्नेछ । यस अध्ययनले व्यवस्थापन समूहको सवै विषयहरुको पाठ्यक्रम लगायत शिक्षण विधि, शिक्षण सामग्री, शिक्षण क्रियाकलापमा भएका कमिकमजोरी पत्ता लगाई सुधार गर्ने अपेक्षा गरिएको छ । साथै सम्बन्धित पक्षलाई व्यवस्थापन समूहको सवै विषयहरुको उपलब्धिको प्रभावकारी अध्ययन गरी त्यसको प्रभावकारिता अभिवृद्धि गर्न, आवश्यक कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस अध्ययनबाट प्राप्त नतिजालाई अन्य जिल्लाका विद्यार्थीहरूको उपलब्धिसँग तुलना गर्न सहयोग पुग्ने आशा गरिएको छ । त्यसै गरी यस अध्ययनबाट प्राप्त निष्कर्षले सम्पूर्ण विद्यालयलाई आआफ्ना कमिकमजोरी पत्ता लगाई सुधारका लागि सहयोगी बन्नेछ । साथै यस अध्ययनबाट प्राप्त सूचनाका आधारमा सम्पूर्ण लेखा विषय शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शैक्षिक योजनाकार तथा नीति निर्माताहरूलाई शिक्षासँग सम्बन्धित विभिन्न नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १. ४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसार छन् :

क) व्यवस्थापन संकायका सवै विषयका विद्यार्थीहरुको सिकाई उपलब्धिको लेखाजोखा गर्नु ।

ख) परीक्षाको नतीजामा फरक आउनाका कारण पत्ता लगाउनु ।

ग) सिकाई उपलब्धिमा आएका भिन्नता कम गर्ने उपायहरु सुझाउन ।

## १. ५. अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरू निम्नअनुसार छन् :

क) सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धिमा कस्तो किसिमको फरक छ ?

ख) सामुदायिक विद्यालय र संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा फरक छ कि छैन ?

ग) विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीहरूको व्यवस्था छ कि छैन ?

घ) विद्यार्थीको सिकाइ उपलब्धि फरक हुनाका कारणहरू के के हुन् ?

ङ) तालिमप्राप्त शिक्षकको व्यवस्था कस्तो छ ?

च सिकाई उपलब्धिमा आउने फरकलाई कम गर्न कस्ता उपाय अपनाउन सकिन्छ ?

## १. ६. अध्ययनको परिसीमा

यो अध्ययन मोरङ जिल्लामा मात्र गरिएकोछ । मोरङ जिल्लाको उर्लाबारी र पथरी गाविस क्षेत्रमा सञ्चालित दुई सामुदायिक र दुई संस्थागत विद्यालय गरी जम्मा ४ वटा विद्यालयको अध्ययनमा यो अध्ययन सीमित गरिएकोछ । अध्ययनलाई मोरङ जिल्लाको ४ वटा विद्यालयहरूमा मात्र सीमित गरिएको हुनाले यसलाई सामान्यीकरण गर्न सकिँदैन । यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयको व्यवस्थापन समूहको सवै विषयहरुको सिकाइ उपलब्धिमा सीमित रहेकोछ । छात्रा र छात्रको उपलब्धी विषयत रुपमा नलिई समग्र रुपमा लिइएको छ । अध्ययन २०६६ सालको कक्षा १२ को परीक्षाको उपलब्धिमा केन्द्रित रहेकोछ । अध्ययनका क्रममा सम्बन्धित विद्यालयका प्राचार्य तथा प्रिन्सिपल, विषय

शिक्षकहरु, स्रोतव्यक्ति, विद्यार्थीलाई प्रश्नावली भराई तथा विद्यालयको अवलोकन फारम र विद्यालय अभिलेख अध्ययन गरी आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएकोछ । कक्षा १२ को बार्षिक परीक्षाको सिकाई उपलब्धिमा यस अध्ययनलाई सिमित गरिएको छ ।

## १.६. सम्बन्धित शब्दावलीको परिभाषा

**सामुदायिक विद्यालय** : नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय ।

**संस्थागत विद्यालय** : नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय ।

**जिल्ला शिक्षा कार्यालय** : जिल्लामा विद्यालीय तहको शिक्षा व्यवस्थापन, कार्यान्वियन र अनुगमन गर्ने निकाय । नेपाल अधिराज्यभरि यस्ता कार्यालय ७५ वटा रहेका छन् ।

**उच्च माध्यमिक शिक्षा परिषद्** : **अधिराज्यभरि उच्च माध्यमिक विद्यालय** सञ्चालन, कार्यान्वियन र अनुगमन गर्ने निकाय ।

**उपलब्धि** : मोरङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका वि. सं. २०६४ सालको कक्षा १२ को परीक्षामा सामेल भइसकेका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क ।

**प्राचार्य** : मोरङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका प्रमुख ।

**स्रोतव्यक्ति** : जिल्ला शिक्षा कार्यालय मोरङले विभिन्न क्षेत्रको स्रोतकेन्द्रको प्रतिनिधि

परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

शोध तथा अनुसन्धान आफैमा पूर्ण हुन सक्दैन । ती विषयको शोध कार्यका लागि विगतका विशेषज्ञहरुद्वारा प्रकाशित कृतिहरुको पुनरावलोकनका साथै विशिष्ट दार्शनिक तथा विज्ञहरुद्वारा प्रतिपादित सिद्धान्तको आधार लिन नितान्त जरुरी हुन्छ । सम्वन्धित साहित्य र सैदान्तिक खाकालाई यहाँ प्रस्तुत गर्न सान्दर्भिक मानिएको छ ।

### २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

कोइराला र रेग्मी (२०६६) का अनुसार वर्तमान प्रतिस्पर्धी र चुनौतीपूर्ण विश्वमा उन्नत, गुणात्मक र विकसित शिक्षा पद्धतिको विकास गर्नु हरेक राष्ट्रको मूल ध्येय हो । शैक्षिक प्रणालीको वैज्ञानिक संरचना, प्रभावकारी कार्यान्वयन तथा सहभागितात्मक दिगो स्थायित्व विना मुलुकले सर्वाङ्गीण विकास गर्न नसक्ने तथ्य पनि स्थापित भइसकेको छ । यस प्रकारको जटिल तर अवसरमुखी परिस्थितिसँग सामना गर्न सरल र सहज रूपमा समान पहुँच पुऱ्याउन निकै चुनौती थियो र छ पनि । यस प्रकारको चुनौतीपूर्ण कार्य गर्नसमेत उच्च माध्यमिक शिक्षा सफल देखिएको छ । घरायसी कार्यबोझ र परम्परागत व्यवसायमा संलग्न व्यक्तिले समेत शिक्षा आर्जनको अवसर पाएका छन् । सुविधाविहीन विभेदमा बस्न बाध्य मानव जातिले समेत शिक्षाको ढोका उघार्न सकेका छन् । विशेष मनोवैज्ञानिक र संवेगात्मक सङ्कटबाट गुज्रिरहेका बालबालिकाहरूले समेत आफ्नो अनुकूलको सिकाइ वातावरणमा सिक्ने अवसर प्राप्त गरेका छन् । उच्च माध्यमिक विद्यालयमा समुदायको सामूहिक लगानी समेत हुने हुँदा अपनत्वको भावना विकास भएको छ । छरिएको बस्ती, भौगोलिक विकटता र आर्थिक विपन्नताबाट ग्रसित नेपाली समाजलाई न्यूनतम शुल्क, समय र परिश्रमबाट गुणस्तरीय शिक्षाको साँघुका रूपमा कार्य गरिरहेको छ (शिक्षा विभाग, २०६६) ।

सेरिड (१९९३) ले सामुदायिक र संस्थागत विद्यालयको दक्षतास्तर तुलनात्मक अध्ययन शीर्षकमा एक अध्ययन गरेको थियो । यसको उद्देश्य सार्वजनिक तथा निजी प्राथमिक विद्यालयको भौतिक सुविधा अध्ययन गर्नु, शिक्षकको शैक्षिक योग्यता र तालिमको स्थिति पहिचान गर्नु, प्रयोग गरिएका शिक्षण विधि र कक्षा व्यवस्थापनको स्थिति पत्ता

लगाउनु थियो । उक्त उद्देश्य परिपूर्तिका लागि काठमाडौं, ललितपुर र भक्तपुरका १० वटा सार्वजनिक र १० वटा संस्थागत विद्यालय छनौट गरिएको थियो । जसमा २०० जना विद्यार्थी, ८० जना शिक्षक र २० जना प्रधानाध्यापक/प्रिन्सिपललाई नमूनाका रूपमा लिइएको थियो । स्तरीय उपलब्धि परीक्षालाई तथ्याङ्क संकलनको साधन बनाइएको थियो । प्रश्नावली प्रयोग गरिएको थियो । निष्कर्षको रूपमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा औसत उपलब्धि राम्रो पाइएको थियो (सेरिड १९९३)।

शर्मा (२०६३) ले संस्थागत र सामुदायिक विद्यालयबीच प्रवेशिका परीक्षाको परिणाममा भिन्नता देखिनाका कारणहरू शीर्षकमा अध्ययन गर्नुभएको थियो । अध्ययन क्षेत्रको रूपमा काठमाडौं महानगरपालिकालाई लिइएको थियो भने संस्थागत र सामुदायिक विद्यालयको प्रवेशिका परीक्षाको परिणाम फरक हुनाका कारणहरू पत्ता लगाउने उद्देश्य राखिएको थियो । यस अध्ययनका लागि सम्बन्धित क्षेत्रका तोकिएको संख्यामा सामुदायिक र संस्थागत विद्यालय लिई नमूना विद्यालयको प्रवेशिका परीक्षाको परिणामलाई तथ्याङ्कको रूपमा लिइएको थियो । यस अध्ययनमा ५ सामुदायिक र ५ संस्थागत विद्यालय, ३५ विद्यार्थी र ३५ जना अभिभावकलाई अन्तर्वार्ता लिइएको थियो । लिखित अभिलेख तथा अन्तर्वार्ताबाट प्राप्त सूचनालाई गुणात्मक एवम् संख्यात्मक विधिद्वारा विश्लेषण एवम् व्याख्या गरिएको थियो । विद्यालय, शिक्षक, अभिभावक, पाठ्यक्रम, शिक्षानीति आदि तत्वको शैक्षिक उपलब्धिमा प्रभावकारिता अध्ययन गरिएको थियो । विद्यार्थी नियमित उपस्थिति, गृहकार्य गर्ने बानी तथा कोचिङ कक्षा अध्ययनले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने निष्कर्ष निकाल्दै अध्ययनले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि उच्च रहेको देखाएको थियो । (शर्मा २०६३)

भण्डारी (२०६३) ले गुल्मी जिल्लाको सामुदायिक र संस्थागत विद्यालयको टेष्ट परीक्षाको गणित विषयको उपलब्धिको तुलनात्मक अध्ययन शीर्षकमा अध्ययन गर्नुभएको थियो । सामुदायिक र संस्थागत विद्यालयको गणित विषयको उपलब्धि लेखाजोखा गर्नु, सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीको शैक्षिक उपलब्धि तुलना गर्नु, विद्यार्थीको शैक्षिक उपलब्धिमा आएका कारणहरू पत्ता लगाउनु जस्ता उद्देश्य राखी उक्त अध्ययन गरिएको थियो । जिल्लाभरिका विद्यालयहरूमध्ये सहरी क्षेत्रबाट २ वटा सामुदायिक र २ वटा संस्थागत साथै ग्रामीण क्षेत्रबाट २ सामुदायिक र २ संस्थागत गरी जम्मा ८ वटा विद्यालयलाई सम्भावनायुक्त छनौट विधिबाट नमूना छनौट गरिएको थियो । उक्त

अध्ययनबाट सामुदायिक विद्यालयको औसत उपलब्धि ३१.२५ प्रतिशत र संस्थागत विद्यालयको औसत उपलब्धि ६७.५० प्रतिशत रहेको पाइएको थियो । ग्रामीण क्षेत्रका विद्यालयको उपलब्धि ४९.२५ र सहरी क्षेत्रका विद्यालयको औसत उपलब्धि ४८.२५ रहेको पाइएको थियो । गणित विषयको शिक्षणमा सहभागी शिक्षकमा तालिमको अभाव, अतिरिक्त पाठ्यपुस्तकहरूको कमि, शैक्षिक सामग्रीको अभाव, गणित विषयप्रति विद्यार्थीको आधारभूत स्तर कमजोर हुनु जस्ता कुरालाई निष्कर्षका रूपमा निकालिएको थियो (भण्डारी २०६३) ।

लुइँटेल (२०६५) ले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको गणित विषयमा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन शीर्षकमा अनुसन्धान गरेको पाइएकोछ । उक्त अध्ययन अनुसन्धान सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रवेशिका परीक्षाको गणित विषयको उपलब्धि लेखाजोखा गर्नु, सामुदायिक र संस्थागत विद्यालयको प्रवेशिका परीक्षाको गणित विषयको परिणामका भिन्नताका कारणहरू पत्ता लगाउनु र शैक्षिक उपलब्धिमा आएका भिन्नता कम गर्नका लागि सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्य राखी गरिएको थियो । अध्ययनका लागि सहरी र ग्रामीण क्षेत्रबाट ४/४ विद्यालयलाई नमूनाका रूपमा लिइएको थियो । सम्भावनायुक्त नमूना छनौट विधिबाट प्रवेशिका परीक्षामा सामेल १/१ जना विद्यार्थीलाई पनि छनौट गरिएको थियो । उक्त अध्ययनमा अन्तर्वार्ता, कक्षा अवलोकन, उपलब्धि मार्क लेजर तथ्याङ्क संकलनका साधनका रूपमा लिइएको थियो (लुईटेल २०६५) ।

यस अध्ययनमा निष्कर्षका रूपमा सहरी र ग्रामीण क्षेत्रको उपलब्धि समान रहेको, सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उपलब्धि उच्च रहेको निचोड निकालिएको थियो ।

## २. ३. सैद्धान्तिक खाका

फ्रेडरिक विन्स्लो टेलर (सन् १८५६-१९१७) द्वारा प्रतिपादित वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई वैचारिक खाकाका रूपमा लिइनेछ । टेलर यस सिद्धान्तका पिता हुन् । २० औं शताब्दीका सुरुका वर्षहरूमा उत्पादकत्व बढाउने कार्य दक्ष कामदारको भएकोले दक्षता बढाएर उत्पादकत्व बढाउने चुनौती थियो । त्यसबेला कामदारको कार्यदक्षता बढाउने ध्येयले वैज्ञानिक व्यवस्थापनको प्रारम्भ भयो । प्रत्येक कामदारले परम्परागत शैलीलाई

परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ । कामदार आफैँले काम छान्ने परम्पराको सुरुवात गरेर र वैज्ञानिक ढङ्गले कामदार छनौट गर्ने र छानिएका कामदारलाई दक्षताको तालिम दिने तथा दक्षताको काम सिकाउनु पर्दछ । वैज्ञानिक ढङ्गबाट काम हुने गरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नु पर्दछ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्छ । वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नुपर्छ । बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ । कामदार र व्यवस्थापकबीच स्पस्ट कार्यविभाजन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नुपर्छ (कोइराला र श्रेष्ठ, २०६२) । सन् १९५० ताका “मानव सम्बन्ध सिद्धान्त” व्यवस्थापन विकासको पक्षमा प्रतिपादन भयो । कुनै पनि संगठनमा कार्य गर्नेहरूका बीच राम्रो मानव सम्बन्ध स्थापित गरिएको खण्डमा काम सम्पादन राम्रो, चाँडो र स्तरीय हुने तर मानव सम्बन्ध विपरित भएमा काम सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरको हुने कुरा नै यस सिद्धान्तको अभिप्राय हो ।

जर्ज इल्टन मायो (सन् १८८० - १९४९) का अनुसार कर्मचारीको कमिकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नु, योग्यताअनुसार नेतृत्व विकास गराउनु, सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु, कर्मचारीको दक्षता बढाउनु, दोहोरो र वास्तविक सञ्चार प्रणाली स्थापना गर्नु, मानिसलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार गर्नु, कार्यदक्षता बढाउन सामाजिक दक्षता अभिवृद्धि गर्नु, औपचारिक एवम् अनौपचारिक सबै प्रकारका संगठनहरूलाई महत्व दिनु र उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो, समूह कार्य दक्षताको आधारमा गर्नुपर्छ, उत्पादकत्व अभिवृद्धि व्यक्तिको सामाजिक दायित्वसँग गाँसिएको हुन्छ (कोइराला र श्रेष्ठ, २०६२) बाट उध्दृत ।

बी. एफ. स्किनर (सन् १९५४) का अनुसार मनोविज्ञान शिक्षा शिक्षणको प्रभावकारिताका लागि विकास गरेको योजनाबद्ध शिक्षण मानवीय व्यवहार परिवर्तन गर्ने उत्तरदायी प्रविधि मानिन्छ । पहिलो सिद्धान्तअनुसार साना - साना चरणहरूमा विभाजित विषयलाई विद्यार्थीले पढ्दछ, आफूले जति जान्दछ त्यही आधारमा योजनाअनुसार ऊ अगाडि बढ्दछ । दोस्रो सिद्धान्तअनुसार आफूले जानेको विषयमा आफैंले लेखेर वा भनेर प्रतिक्रिया जनाउँछ । यसले गरेर सिक्ने कुरा जनाउँछ । तेस्रो सिद्धान्तअनुसार विद्यार्थी आफैंले आफ्नो प्रतिक्रिया ठीक, बेठीक छुट्याउँछ । यो पुनर्वल प्राप्तिको चरण हो । चौथो सिद्धान्तअनुसार विद्यार्थीले आफ्नो क्षमता, योग्यता र स्तरअनुसार छिटो वा ढिलो सिकेको हो

आफैँ पत्ता लगाउँछ । कोही विद्यार्थी चाँडो सिक्ने र कोही ढिलो सिक्ने हुन सक्दछ । यस सिद्धान्तले सिकाइ प्रक्रियामा विद्यार्थीको व्यक्तिगत विभिन्नताको नियन्त्रण गर्दछ । पाँचौं सिद्धान्तअनुसार विद्यार्थीले छाडेका रेकर्डअनुसार योजनालाई पृष्ठपोषण सहित दोहोऱ्याउन सहयोग पुऱ्याउँछ । यो विद्यार्थीको परीक्षण गर्ने चरण हो (शर्मा र शर्मा २०६०) बाट उध्दृत ।

## २. ३. शैक्षिक उपादेयता :

यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको उपलब्धिबीचको तुलनात्मक अध्ययनसँग सम्बन्धित रहेको छ । दुवै विद्यालयहरू एउटै शैक्षिक नीति तथा कार्यक्रममा आधारित भई सञ्चालन भए तापनि व्यवस्थापन तथा कार्यसम्पादनको विषयमा फरक फरक रहेको पाइन्छ । संस्थागत विद्यालयको व्यवस्थापन एफ. डब्लु. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा आधारित रहेको हुन्छ । यस सिद्धान्तअनुसार कामदार र व्यवस्थापकबीच स्पष्ट कार्यविभाजन हुनुपर्दछ र कामदारलाई दोष दिएर आफू उम्कने परिपाटी त्याग्नुपर्दछ । वैज्ञानिक ढंगले काम हुने गरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नु पर्ने सिद्धान्तअनुसार विद्यालयका प्राचार्य, शिक्षक, व्यवस्थापकलाई कामदारको रूपमा लिइएको छ । प्राचार्य, शिक्षक, व्यवस्थापकबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता कायम गरी कार्यपद्धति सञ्चालन गर्न सके विद्यार्थीको अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ । शैक्षिक उपलब्धि अभिवृद्धि गर्नका लागि व्यवस्थापकले विद्यालयको सम्पूर्ण पक्षहरूमा वैज्ञानिक ढंगले व्यवस्थापन गर्नुपर्दछ ।

शिक्षकहरू वैज्ञानिक ढंगबाट छनौट गर्नुपर्दछ । छानिएका शिक्षकहरूलाई तालिम प्रदान गर्ने, दक्षतापूर्ण शिक्षण सिकाइ कार्य गराउने, शिक्षकहरूलाई कार्यप्रति पूर्ण उत्तरदायी बनाउने, कार्यप्रति बढी लगनशील शिक्षकहरूलाई बढी पारिश्रमिक प्रदान गर्ने कार्य गरेमा अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ । संस्थागत विद्यालयहरूबीच प्रतिस्पर्धा रहेका कारणले शिक्षाको आधुनिक गतिशीलतातर्फ हरेक विद्यालयहरू गतिशील रहेका छन् । यसलाई निरन्तर गति प्रदान गर्न अधिकतम उपलब्धि हात लाग्नुपर्ने हुन्छ । यसका लागि वैज्ञानिक व्यवस्थापन सिद्धान्त मार्गदर्शकको रूपमा स्वीकार्नु आवश्यक देखिन्छ । त्यसरी नै सरकारको पूर्ण लगानी र नियन्त्रणको परिघेरामा रहेर सामुदायिक विद्यालयहरू सञ्चालन

भइरहेका छन् । यी विद्यालयहरूमा शिक्षकहरू, प्राचार्यहरू तथा कर्मचारीहरू कार्यरत रहेका छन् । सामुदायिक विद्यालयहरूमा प्र. अ. तथा शिक्षकहरू शिक्षा ऐनले व्यवस्था गरेअनुसार नियुक्त भएका हुन्छन् । प्राचार्य (प्र. अ.) तथा शिक्षकहरूलाई आआफ्ना सांगठनिक शक्तिका रूपमा कानुनी व्यवस्था गरिएको छ । तसर्थ सामुदायिक विद्यालयमा मानव सम्बन्ध सिद्धान्त अनुसार कर्मचारीको कमिकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नु, योग्यताअनुसार नेतृत्व विकास गराउनु, कर्मचारीको दक्षता बढाउनु, दोहोरो र वास्तविक सूचना प्रणाली स्थापित गर्नु, मानिसलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार गर्नु, कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु, औपचारिक तथा अनौपचारिक दुवै संगठनलाई महत्व दिनु, उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्षमात्र नभई सामाजिक पक्ष पनि हो भन्ने धारणाको प्रयोग गरी विद्यालय व्यवस्थापन गर्नु पर्दछ । विद्यालयको उपलब्धि प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावकबीचको सुमधुर सम्बन्धद्वारा हासिल गर्न सकिन्छ । विद्यालयमा मानवीय सम्बन्ध प्रगाढ रूपमा स्थापित गर्न सकिने भएकोले यस मानव सम्बन्ध सिद्धान्त प्रयोग गरिएको हो ।

त्यसरी नै दुवै प्रकारका विद्यालयहरूको शिक्षण सिकाइलाई प्रभावकारी, विश्वसनीय र उद्देश्यमूलक उपलब्धि हासिल गराउनका लागि प्रचलित बी. एफ. स्किनरको योजनाबद्ध शिक्षण सिकाइ सिद्धान्तलाई समेत प्रयोग गरिएको छ । अधिकतम उपलब्धि हासिल गर्नका लागि योजनाबद्ध शिक्षण गर्नु, गराउनु पर्दछ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

शिक्षाको आधुनिकीकरण र गतिशीलतासँगसँगै स्थापित, परिमार्जित र व्यवस्थित हुँदै गएका दुई प्रकारका सामुदायिक र संस्थागत विद्यालयको सिकाई उपलब्धिबीचको अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि वर्तमान अवस्थाको पहिचान, कारण पत्ता लगाउने, व्यवस्थापकीय प्रभावकारिता र सिकाइ उपलब्धि अध्ययन गरिने भएकोले निम्न विधि प्रयोग गरी अनुसन्धान गरिएकोछ :

## ३. १. अनुसन्धान ढाँचा

विद्यार्थीहरूको सिकाइ उपलब्धि वार्षिक परीक्षाको परिणाम र भिन्नता आउने कारणमा आधारित रहेकोले यो अध्ययन अनुसन्धान परिमाणात्मक तथा गुणात्मक दुवै ढाँचामा आधारित रहेकोछ ।

## ३.२. नमूना छनोटको आधार

यस अध्ययनको लागि समुदायमा आधारित सामुदायिक उच्च माध्यमिक विद्यालय र निजि तथा कम्पनिमा आधारित संस्थागत उच्च माध्यमिक विद्यालयहरु छनोट गर्दा प्रतेक गाविस वाट एउटा सामुदायिक र एउटा संस्थागत उच्च माध्यमिक विद्यालय पर्ने गरि उदेश्यपूर्ण छनोट विधिका आधारमा छनोट गरिएको छ ।साथै उत्तरदाताको छनोटमा पनि सोहि विधि अपनाइएकोछ ।

## ३.३. तथ्याङ्क संकलन प्रक्रिया

अध्ययन अनुसन्धान गर्ने क्रममा आवश्यक सूचनाहरू शोधपत्रले किटान गरेको क्षेत्र उर्लाबारी र पथरी गाविसभित्रका २/२ वटा सामुदायिक र संस्थागत विद्यालयहरूमा पुगेर विद्यालयसँग सम्बन्धित प्राचार्य, शिक्षक, कर्मचारी, विद्यार्थी, स्रोतव्यक्ति आदिसँग खुला तथा बन्द प्रश्नावली, अभिलेख जस्ता कार्य गरी तथ्याङ्क संकलन गरिएकोछ ।

### ३.३.१. जनसंख्या

मोरङ जिल्लाको उर्लाबारी र पथरी गाविसका सम्पूर्ण उच्च माध्यमिक विद्यालय,सम्वन्धित प्रचार्यहरु,शिक्षकहरु,विद्यर्थीहरु र स्रोत व्यक्तिलाई शोधका लागि जनसंख्या मानिएकोछ ।

### ३.३.२. नमूनाको आकार

यस अध्ययन अनुसन्धानका लागि जनसंख्याको आकारका लागि संस्थागत तथा सामुदायिक उच्च माध्यमिक विद्यालयहरुका ४ जना प्राचार्यहरु,१२ जना शिक्षकहरु ८ जना विद्यार्थीहरु र २ जना स्रोत व्यक्तिहरु गरि जम्मा २६ जनाको जनसंख्याको नमूना आकार तयार निर्धारण गरिएकोछ ।

## ३.४. तथ्याङ्क संकलनका साधनहरू

यस अध्ययनका लागि तथ्याङ्क संकलनका साधनहरूमा अन्तर्वार्ता, खुला तथा बन्द प्रश्नावलीहरू प्रयोग गरिएकोछ ।

## ३.५. तथ्याङ्कको स्रोत

यस अध्ययनका लागि विद्यालयमा रहेका व्यवस्थापनसम्बन्धी प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएकोछ । अध्ययनका लागि छनौट भएका विद्यालय व्यवस्थापन सम्बन्धी कुराहरू, विद्यालय सुधार योजना, प्रकाशित पत्रपत्रिका, स्रोतकेन्द्रका कागजातहरू, परीक्षाका लब्धाङ्कपत्र, प्रतिवेदनहरू लिइएकोछ ।

यस अध्ययनका लागि तथ्याङक र जानकारी संङकलनका स्रोतहरु देहायवमोजिम प्रयोग गरिएकोछ ।

क) प्राथामिक स्रोत : खुल्ला तथा वन्द प्रश्नावली,अन्तर्वार्ता प्राथमिक स्रोतको साधनको रुपमा प्रयोग गरिएकोछ ।

ख) द्वितीय स्रोत : २०६७ सालको कक्षा १२ को सामुदायिक र सस्थागत दुवै विद्यालयहरुको परिणामलाई प्रयोग गरिएकोछ ।

## ३. ६. तथ्याङ्क विश्लेषण प्रक्रिया

विद्यालयमा प्राचार्यहरु, शिक्षकहरु र कर्मचारीसँग सम्पर्क गरि तथ्याङकहरु प्राप्त गरिएकोछ । प्राचार्यहरुको सहयोगमा विद्यालयका विषयगत शिक्षकहरुको नामावली लिइएकोछ ।प्राचार्य र शिक्षकहरुको सहयोगवाट विद्यार्थीहरुको नामावली सङकलन गरि सम्वन्धित सवैका लागि अनुसुचिमा उल्लेखित प्रश्नावलीको आधारमा तथ्याङकहरुलाई सङकलन गरिएकोछ । प्राप्त तथ्याङकहरुलाई तालिकीकरण लेखाचित्र र ग्राफ आदिमा प्रस्तुथ गरि व्यख्या र विश्लेषण गरिएकोछ ।

## परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

मोरङ जिल्लाको पथरी गाविस र उर्लाबारी गाविसका सामुदायिक र संस्थागत उच्च माध्यमिक विद्यालयहरु मध्ये नमूना छनौटमा परेका सामुदायिक उमावि दुई वटा र संस्थागत उमावि दुई वटा विद्यालयका विद्यार्थीहरुको सिकाई उपलब्धीको तुलनात्मक अध्ययनलाई देहायका शिर्षकहरुमा आधारित भई विश्लेषण गरिएको छ ।

### ४.१ व्यवस्थापन संकायको विद्यार्थीको सिकाई उपलब्धिको स्थिति

सामुदायिक र संस्थागत उच्च माध्यमिक विद्यालयहरु वीचमा तुलनात्मक अध्ययन तथा विश्लेषण गर्नका लागि सम्बन्धित विद्यालयहरुको विद्यार्थीहरुको व्यवस्थापन समूहको सम्पूर्ण विषयहरुको नतिजा प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

### ४.१.१ संस्थागत विद्यालयको सिकाई उपलब्धि :-

तालिका नं. -१ वाल्मीकी उ मा वि को सिकाई उपलब्धि

| विषय | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|
| | उत्तीर्ण | | | | अनुत्तीर्ण |
| | प्रथम | द्वितीय | तृतीय | जम्मा | |
| लेखा | २ | १० | २३ | ३५ (७६%) | ११ (२४%) |
| वुम | - | १० | १८ | २८ (६०.८६%) | १८ (३९.१४%) |
| अर्थशास्त्र | ३ | १० | १४ | २७ (५८.६९%) | १९ (४१.३१%) |
| मार्केटिङ्ग | ६ | ८ | ११ | २५(८६.२८%) | ४ (१३.८०%) |
| विजनेश म्याथ | ३ | ७ | ४ | १४(८२.३५%) | ३ (१७.६५%) |
| अंग्रेजी | १ | १५ | २१ | ३(८०.४३%) | ९(१९.५६%) |

श्रोत : स्थलगत अध्ययन २०६७

तालिका न. १ लाई विश्लेषण गर्दा लेखा विषयमा ४६ जना विद्यार्थी मध्ये प्रथम श्रेणीमा २ जना, द्बितीय श्रेणीमा १० जना तृतीय श्रेणीमा २३ जना गरी जम्मा ३५ जना (७६%) विद्यार्थी उर्तीण भएको पाइएकोछ भने ११ जना (२४%) विद्यार्थी अनुर्तीण भएको पाइएकोछ । यसैगरी वुम विषयमा द्बितीय श्रेणीमा १०, तृतीय श्रेणीमा १८ गरी जम्म २८(६०.८६% विद्यार्थी उर्तीण भएका देखियो भने १८(३९.१४%) अनुर्तीण भएको पाइएकोछ । मार्केटिङ्ग विषयमा प्रथम श्रेणीमा जम्मा २५ द्बितीयमा ८ जना र तृतीयमा ११ जना (१३.८०%) अनुर्तीण भएको पाइएकोछ । यो तथ्याङ्क उक्त विद्यालयको विषयगत रुपमा सवै भन्दा वढी उर्तीण प्रतिशत हो । अर्थशाश्त्र विषयमा ३ जना प्रथम श्रेणीमा, १० जना द्बितीय श्रेणीमा र १४ जना तृतीय श्रेणीमा गरी जम्मा २७ जना (५८.६९%)र १९ जना (४१.३१%) विद्यार्थी अनुर्तीण भएको पाइएकोछ । यो संख्या सवै भन्दा कम उर्तीण प्रतिशत हो ।

यसरी हेर्दा उक्त उच्च मा विको ०६६ को वार्षिक परीक्षामा सवैभन्दा वढी मार्केटिङ्ग विषयमा ८३.६९% विद्यार्थी उर्तीण गराउन सफल भएको देखिन्छ ।

संस्थागत विद्यालयका शैक्षिक उपलब्धी

चित्र नं. १ : बालमिकी उ.मा.वि.को सिकाई उपलब्धि दर

श्रोत : स्थलगत अध्ययन २०६७

## ४.१.२ संस्थागत विद्यालयको सिकाई उपलब्धि

तालिका नं. २ ने द उ मा वि को सिकाई उपलब्धि

| विषय | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | जम्मा | उनुतिर्ण |
| लेखा | ८ | १७ | ५८ | ८३ (६४.३५%) | ४४ (३४.६५%) |
| बुम | ० | ८ | २६ | ३४ (४९.२६%) | ३५ (५०.७०%) |
| अर्थ | ६ | १८ | ४६ | ७० (५३.४३%) | ६१ (४६.५७%) |
| मार्केटिङ्ग | १९ | २८ | २० | ६७ (८८.१५%) | ९ (११.८५%) |
| विजनेस म्याथ | १८ | १७ | १४ | ४९ (८७.५०%) | ७ (१२.५०%) |
| अंग्रजी | १० | ६१ | ४६ | ११७ (८८.६३%) | १५ (११.३६%) |


तालिका न. २ माथि विश्लेषण गर्दा अंग्रेजी विषयमा प्रथम श्रेणीमा १० द्धितिय श्रेणीमा ६१ र तृतयि श्रेणीमा ४६ जना गरी जम्मा ११६ जना उर्त्तीर्ण र १५ जना अनुतीर्ण भएको पाइएकोछ । त्यसैनै मार्केटिङ्ग विषयमा प्रथम , द्धितीय र तृतीय श्रेणीमा कमशः १९, २८ र २० गरी जम्मा ६७ जना र अनुर्त्तीण ९ जना भ्याएको पाइएकोछ । त्यस्तै वुम विषयमा द्धितीय र तृतीय कमश ८ र २६ गरी जम्मा ३४ जना र अनुर्त्तीण भ्एको ३५ भएको पाइएकोछ । त्यसरी नै अर्थशास्त्र विषयमा प्रथम ,द्धितीय र तृतीय श्रेणीमा कमश ६, १८ र ४६ गरी जम्मा ७० उत्तीर्ण र ६१ अनुतीर्ण भएको पाइएकोछ । यसलाई विश्लेषण गर्दा सवै भन्दा राम्रो उर्तीर्ण प्रतिशत अंग्रेजी विषय र सवै भन्दा कम उतीर्ण प्रतिशत वुम विषयमा पाइएकोछ ।

निजी विद्यालयहरु मध्ये अंग्रेजी विषय दर्शन उ.मा. वि मा ८८.६३% उर्त्तीण विद्यार्थी संख्या वाल्मीकी  मे.उ मा वि को ८०.४३% भन्दा राम्रो रहेको पाइएकोछ । लेखा विषयमा विद्यार्थी उत्तीर्ण प्रतिशत लाई विश्लेषण गर्दा ने द उ मा वि को उत्तीर्ण दर ६५.३५% र वा. मे उ मा वि को उर्त्तीण दर ७६ रहको पाइएकोछ र उक्त उत्तीण प्रतिशत वाल्मिकी मेमोरियल उ मा वि को राम्रो रहेको पाइएकोछ । विषयगत उत्तीर्ण विद्यार्थी दरलाई अध्ययन गर्दा वुम विषयमा वाल्मकी उ. मा. वि को ६०.८६% र ने द उ मा वि को ४९.२७% रहेको पाइएकोछ र उक्त उत्तीर्ण प्रतिशत वाल्मीकी उ मा वि को राम्रो पाइएकोछ । अर्थशास्त्र विषयमा उत्तीर्ण प्तिशत दरलाई विश्लेषण गर्दा ने द उ मा वि मा ५३.४३% र

वाल्मिकी मेमोरियल उ मा वि मा ५८.६९% रहेको पाइएकोछ । उत्तीर्ण प्रतिशत दरलाई विश्लेषण गर्दा वाल्मिकी मेमोरियल उ मा वि मा वढी उत्तीर्ण भएको पाइएकोछ । मार्केटिङ्ग विषयमा  ने.द. उ मा वि मा ८८.१५% र वाल्मिकी मेमोरियल उ मा वि मा ८६.२०% रहेकोमा विषयगत विश्लेषण गर्दा विजिनेस म्याथमा नेपाल द. उ मा वि को उत्तीर्ण दर तुलनात्मक रुपमा राम्रो पाइएकोछ ।

प्रस्तुत तथ्यांकलाई पाईचार्टमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र नं. २ :  नेपाल दर्शन उ.मा.वि.को सिकाई उपलब्धी दर




श्रोत : स्थलगत अध्ययन २०६७

### ४.१.३ सामुदायिक विद्यालयको सिकाई स्थिति :-

सामुदायमा संचालित सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धीहरु शिलेषण गर्न नमूनामा समेटिएका विद्यालयहरुका विद्यार्थीहरुको नतिजा प्रस्तुततिकरण र विश्लेषण गरिएको छ ।

### ४.१.४. सामुदायिक विद्यालयको सिकाई उपलब्धि

तालिका नं ३ पञ्चायत उ मा वि को सिकाई उपलब्धि

| विषय | प्रथम | द्वितीय | तृत्तीय | जम्मा उत्तीर्ण | अनुत्तिर्ण |
|---|---|---|---|---|---|
| लेखा | १ | ८ | २८ | ३६(३४.९०%) | ६९(६५.१०%) |
| वुम | १४ | १९ | ३९ | ७२(७४.२२%) | २५(२५.७८%) |
| अर्थशास्त्र | - | ५ | २९ | ३४(३०.६३%) | ६६(६९.३७%) |
| मार्केटिङ्ग | ८ | ११ | ३५ | ५४(५६.२५%) | ४२(४३.७५%) |
| विजिनेस म्याथ | - | २ | ६ | ८(४२.१०%) | ११(५७.९०) |
| अंग्रेजी | - | १६ | ४१ | ५७(५०.४४%) | ५६(४९.५६%) |

तालिका नं १ लाई विश्लेषण गर्दा वुम विषयमा प्रथम द्धितीय विषयमा क्रमश १४, १९ र ३९ गरी जम्मा७२ जना (७४.२२%) उर्त्तीर्ण र २५ जना (२५.७८%) अनुर्तीर्ण रहेको पाइएकोछ । व्यवस्थापन समूहको सवै विषयहरुको प्रथम द्धितिय र तृतीय विषयमा क्रमशा १,८ र २८ गरी जम्मा ३७ जना उर्त्तीर्ण र ६९ जना (६७.१०%) अनुर्तीर्ण रहेको पाइएकोछ अर्थशास्त्र विषयको द्धितीय र तृतीय श्रेणीमा क्रमश ८,११ र ३५ गरी जम्मा ५४ जना (५६.२५%) उत्तीर्ण र ४२ जना (४३.७५%) अनुतीर्ण रहेको पाइएकोछ । विजिनेश म्याथमा द्धित्तीय र तृतीय श्रेणीमा २ र ६ जना गरी जम्मा ८ जना (४२.१०% ) उत्तीर्ण र ११ जना (५९.९०%) विद्यार्थी अनुतीर्ण रहेको पाइएकोछ । अंग्रेजी विषयमा विद्यार्थी उर्त्तीर्ण दर द्धित्तिय र तृतीय श्रेणीमा क्रमशः १६ र ४१ जना गरी जम्मा ५७ जना ५०.४४% र ५६ जना (४९.५६%) अनुतीर्ण रहेको पाइएकोछ ।

चित्र नं. ३ : पञ्चायत उ मा वि को सिकाई उपलब्धि दर

श्रोत : स्थलगत अध्ययन, २०६७

### ४.१.५. सामुदायिक विद्यालयको सिकाई उपलब्धि


तालीका नं ४, उर्लाबारी बहुमुखी क्याम्पसको (+२) सिकाई स्थिति

| विषय | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|
| | प्रथम | द्धितिय | तृतीय | जम्मा उत्तीर्ण | अनुतीर्ण |
| लेखा | १ | ३ | ११ | १५(२१.४२%) | ५५(७८.५७%) |
| वुम | - | १ | १४ | १५(२०.८३ %) | ५७(७९.१७%) |
| अर्थशास्त्र | - | ६ | १० | १६(२१.९०%) | ५७(७८.१०%) |
| मार्केटिङ्ग | - | ७ | - | १४(३६.८४%) | २३(६२.१६%) |
| विजनेस म्याथ | - | ३ | - | ३(९.०%) | ३०(९१.००%) |
| अंग्रेजी | १ | ३ | १५ | १९(२६.७५%) | ५२(७३.२५%) |

तालिका नं ४ लाई विश्लेषण गर्दा लेखा विषयमा प्रथम द्धितिय र तृतीय श्रेणीमा क्रमश १, ३ र ११ जना गरी जम्मा १५ जना (२१.४३०%) उत्तीर्ण र ५५ जना (७८.५७%) अनुत्तीर्ण विद्यार्थी रहेको पाइएकोछ । वुम विषयको दोस्रो र तेस्रो श्रेणीमा क्रमश १ र १४ जना गरि जम्मा १५ जना (२०.८३% ) उत्तीर्ण र ५७ जना (७९.१७% ) अनुत्तीर्ण विद्यार्थी रहेको पाइएकोछ । अर्थशास्त्र विषयमा द्धितिय र तृतीय श्रेणीमा क्रमश ६ र १० जना गरी जम्मा १६ जना अनुत्तीर्ण विद्यार्थी रहेको पाइएकोछ । मार्केटिङ्ग विषयको प्रथम र द्धितिय श्रेणीमा क्रमश ७ र ७ जना गरी जम्म १४ जना (३७.८४% ) उत्तीर्ण र २३ जना (६२.१६%) अनुर्त्तीर्ण विद्यार्थी रहेको पाइएकोछ। विजनेस म्याथ विषयको द्धितिय श्रेणीमा ३ जना (९% ) उत्तीर्ण र ३० जना (९१%) अनुत्तीर्ण विद्यार्थी रहेको पाइएकोछ । अंग्रेजी विषयको प्रथम ,द्धितिय र तृतीय श्रेणीमा क्रमश १ ,३, र १५ गरी जम्मा १९ जना (२६.७५%) उत्तीर्ण र ५२ जना (७३.२५%) अनुत्तीर्ण विद्यार्थी रहेको पाइएकोछ । समग्रमा सवै विषयहरुको नतिजा विश्लेषण गर्दा सबै भन्दा बढी मार्केटिङ्ग विषयमा सफल प्रतिशत रहेको पाइयो भने सवै भन्दा कम सफल विजनेस गणित विषयमा रहेको पाइयो ।

प्रस्तुत तथ्यांकलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र नं. ४ : उर्लाबारी बहुमुखी क्याम्पसको सिकाई उपलब्धीको दर




श्रोत : स्थलगत अध्ययन, २०६७

## ४.१.६. सामुदायिक र संस्थागत विद्यालयको विषयगत नतीजा प्रस्तुतिकरण

सामुदायिक उच्च मा वि र संस्थागत उच्च मा वि को विद्यार्थीहरुको सिकाई उपलब्धि विचको तुलनात्मक अध्ययन गर्नका लागि दुवै विद्यालयहरुका विद्यार्थीहरुको व्यवस्थापन समूहको सवै विषयहरुको नतिजा प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

(क) संस्थागत विद्यालय

तालिका न. ५, तुलनात्मक विषयगत नतीजाको स्थिति


| विषय | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|
| | प्रथम | द्बितीय | तृतीय | जम्मा उत्तीर्ण | अनुत्तीर्ण |
| लेखा | ८+२=१० | १०+१७=२७ | २३+५८=८१ | ११८(६८.२०%) | ५५(३१.८०%) |
| वुम | ०+० =0 | १०+८=१८ | १८+२६=४४ | ५२(४९.५२%) | ५३(५०.४८%) |
| अर्थशास्त्र | ३+६=९ | १०+१८=२८ | १४+४६=६० | ९७(५२.१५%) | ८९(४७.८५%) |
| मार्केटिङ्ग | ६+१९=२५ | ८+२८=३६ | ११+२०=३१ | ९२(८७.६०%) | १३(१२.४० %) |
| विजनेस म्याथ | ३+१८=२१ | ७+१७=२४ | ४+१४=१८ | ६३ ८६.३०%) | १०(१३.७० %) |
| अंग्रेजी | १+१० | १५+६१ =७६ | ३१+४६=६७ | १५४(८६.५० | २४(१३.५०%) |

| | =११ | | | %) | |
|---|---|---|---|---|---|

तालिका न. ५ लाई विश्लेषण गर्दा संस्थागत विद्यालयको अंग्रेजी विषयका विद्यार्थी उतीर्ण प्रतिशत ८६.५०% सवै विषय भन्दा राम्रो रहेको पाइएकोछ भने वुम विषयको उत्तीर्ण प्रतिशत ४९.५२% तुलनात्मक रुपमा कमजोर पाइएकोछ ।

प्रस्तुत तथ्यांकलाई पाइचार्टमा निम्नानुसार प्रस्तुत गरिएको छ

चित्र नं. ५ : संस्थागत विद्यालयको तुलनात्मक विषयगत नतिजा




श्रोत : स्थलगत अध्ययन, २०६७

(ख) सामुदायिक विद्यालय

तालिका नं. ६ विषयगत नतिजाको स्थिति

| विषय | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|
| | प्रथम | द्धितिय | तृतिय | जम्मा | असफल |
| लेखा | १+१=२ | ८+३=११ | २८+११=३९ | ५२(२९.५४%) | १२४(७०.४६ %) |
| वुम | १४+०=१४ | १९+१=२० | ३९+१४=५३ | ८७( ५१.४७%) | ८२(४८.५३%) |
| अर्थशास्त्र | - | ५+६=११ | २९+१०=३९ | ५०(२६.२०%) | १३४(७२.८० %) |

| | | | | | |
|---|---|---|---|---|---|
| मार्केटिङ्ग | ८+७=१५ | ११+७=१८ | ३५+०=३५ | ६८(५१%) | ६५(४९%) |
| विजिनेस म्यथ | - | २+३=५ | ६+०=६ | ११(२६.८२%) | ४१(७३.१८%) |
| अंग्रेजी | ०+१=१ | १६+३=१९ | ४१+१५=५६ | ७६(४१.३०%) | १०८(५८.७० %) |

श्रोत : स्थलगत अध्ययन, २०६७


तालिका न. ६ लाई विश्लेषण गर्दा सामुदायिक उच्च मा वि को विद्यार्थी उत्तीर्ण प्रतिशत वुम विषयमा सवै भन्दा राम्रो ५१ .४७% रहेको पाइएकोछ भने सवै भन्दा कम विद्यार्थी उत्तीर्ण प्रतिशत विजिनेस म्याथ विषयमा २६.८२%सवै भन्दा कम पाइएकोछ ।

संस्थागत विद्यालयको व्यवस्थापन समूहको सवै विषयहरुको उत्तीर्ण संख्या ६८.२०% र सामुदायिक विद्यालयको विद्यार्थीको व्यवस्थापन समूहको सवै विषयहरुको उत्तीर्ण संख्या २९.५४% रहेको पाइयो । जसमा सामुदायिक विद्यालयमा भन्दा संस्गागत विद्यालयमा लेखा विषयमा उत्तीर्ण संख्या वढी रहेको पाइयो । सामुदायिक विद्यालयको वुम विषयको विद्यार्थी उत्तीर्ण संख्या ५१.४७% र संस्थागत विद्यालयको विद्यार्थीको उत्तीर्ण संख्या ४९.५२% रहेको पाइयो । बुम विषयको उत्तीर्ण संख्या संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा वढी रहेको पाइयो । अर्थशास्त्र विषयमा सामुदायिक र संस्थागत विद्यालयका विद्याश्री उत्तीर्ण संख्या क्रमस २६.२०% र ५२.१५% रहेको पाइयो । विषयमा संस्थागत विद्यालयको उत्तीर्ण प्रतिशत सामुदायिक विद्यालयको भन्दा झण्डै दोब्बर रहेको पाइएकोछ । मार्केटिङ विषयको उत्तीर्ण संख्या सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा क्रमश ५१% र ८७.६०% रहेको पाइयो । यस विषयमा संस्थागत विद्यालयको सिकाई उपलब्धी वढी रहेको पाइयो । बिजनेस म्याथ विषयमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी उत्तीर्ण संख्या क्रमश २६.८२% र ८६.३०% रहेको पाइयो । यस विषयमा संस्थागत विद्यालयमा सिकाई उपलब्धी वढी रहेको पाइयो । त्यसरी नै अंग्रेजी विषयमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थी उत्तीर्ण संख्या क्रमश ४१.३०% र ८६.५०% रहेको पाइयो । यस अनिवार्य अंग्रेजी विषयमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको विद्यार्थी उत्तीर्ण प्रतिशत करिव दोब्बर रहेको पाइयो । माथि उल्लेखित सवै विषयमा तुलना गर्दा विद्यार्थी सिकाई उपलब्धी सामुदायिक विद्यालयको एउटा वुम विषयमा संस्थागत विद्यालय भन्दा

केही वढी भएता पनि वाँकी सवै विषयमा सिकाई उपलब्धी सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा धेरै बढी रहेको पाइयो ।

प्रस्तुत तथ्यांकलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र नं. ६ : सामुदायिक विद्यालयको तुलनात्मक विषयगत नतिजा




## ४.१.७. सामुदायिक विद्यालय र संस्थागत विद्यालयका छात्रा छात्रको नतिजा प्रस्तुतिकरण

तालिका नं ७, छात्राहरुको नतिजा स्थिति


| छात्राको संख्या | | | |
|---|---|---|---|
| विद्यालय | सफल | असफल | जम्मा |
| उर्लावारी क्याम्पस | ९(२३.०७%) | ३०(७६.९२%) | ३९ |
| पंचायत उ मा वि | ८(१३.३३%) | ५२(८६.६६%) | ६० |
| ने द उ मा वि | ३०(३७.९७%) | ४९(६२.०३%) | ७९ |
| वाल्मिकी मेमोरियल उ मा वि | ९(३७.५०%) | १५(६२.५०%) | २४ |

तालिका नं ७ लाई विश्लेषण गर्दा उर्लावारी क्याम्पस (उ.मा.वि) का छात्राहरु कूल संख्या मध्ये ९ जना सफल र ३० जना असफल रहेको पाइएकोछ । पंचायत उमा वि मा कूल विद्यार्थी संख्या मध्ये ८ जनासफल र ५२ जना छात्राहरु असफल रहेको पाइएकोछ । नेपाल

दर्शन उ.मा.वि का कूल विद्यार्थीहरु मध्ये ३० जना सफल र ४९ जना छात्राहरु असफल भएको पाइएकोछ । त्यस्तै वाल्मिकी मेमोरियल उ मा वि का कुल विद्यार्थी मध्ये ९ जना सफल र १५ जना छात्राहरु असफल रहेको पाइएकोछ ।

प्रस्तुत तथ्यांकलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ७ : छात्राहरुको नतिजा स्थिति




तालिका नं ८

छात्रहरुको नतीजाको स्थिति


| छात्रहरुको नतिजा | | | |
|---|---|---|---|
| विद्यालय | सफल | असफल | जम्मा |
| उर्लावारी क्याम्पस | ८ (२५.००%) | २४(७५.०० %) | ३२ |
| पंचायत उ मा वि | १०(१८.१८%) | ४५(८१.८१%) | ५५ |
| नेपाल दर्शन उ मा वि | २९(५३.७०%) | २५(४६.२९%) | ५४ |
| वाल्मिकी मेमोरियल उ मा वि | ११(४७.८२%) | १२(५२.१७%) | २३ |

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा उर्लावारी क्याम्पसका कूल विद्यार्थी संख्यामध्ये ८ जना छात्रहरु सफल र २४ जना छात्रहरु असफल रहेको पाइएकोछ । पंचायत उ मा वि को कूल विद्यार्थी संख्या मध्ये १० जना छात्र सफल र ४५ जना छात्रहरु असफल रहेको पाइएकोछ । ने द. उ मा वि का कूल विद्यार्थी मध्ये २९ जना सफल र २५ जना असफल

छात्रहरु रहेको पाइएकोछ । वाल्मिकी मेमोरियल उ मा वि का कूल विद्यार्थी मध्ये ११ जना सफल र १२ जना  छात्रहरु असफल रहेको पाइएकोछ ।

प्रस्तुत तथ्यांकलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र नं. ८ : छात्रहरुको नतिजाको स्थिति




## ४.१.८ सामुदायिक र संस्थागत विद्यालयका समग्र विषयमा छात्र र छात्राको नतिजा

तालिका नं ९ समग्र छात्रहरुको नतिजा स्थिति :

| छात्रको संख्या | | | |
|---|---|---|---|
| विद्यालय | सफल | असफल | जम्मा |
| सामुदायिक विद्यालय | २८(३२.१८%) | ५९(६७.८१%) | ८७ |
| संस्थागत विद्यालय | ४०(४१.९४%) | ३७(४८.०५%) | ७७ |

प्रस्तुत तथ्यांकलाई पाईचार्टमा प्रस्तुत गर्दा

चित्र नं. ९ : छात्रहरुको नतिजाको स्थिति

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयको छात्रहरु मध्ये २८ जना सफल र ५९ जना असफल रहेको पाइएकोछ । संस्थागत विद्यालयको छात्रहरु मध्ये ४० जना र ३७ जना छात्रहरु असफल रहेको पाइएकोछ । दुवैलाई अध्ययन गर्दा संस्थागत विद्यालयमा छात्रहरु र छात्राहरुको नतिजा राम्रो रहेको पाइएकोछ ।

तालिका नं १० समग्र छात्राहरुको नतिजा स्थिति

| छात्राको संख्या | | | |
|---|---|---|---|
| विद्यालय | सफल | असफल | जम्मा |
| सामुदायिक विद्यालय | २६(१२.८०%) | ७३(३६%) | ९९ |
| संस्थागत विद्यालय | ३९(२१.८०%) | ६४(३५.७५%) | १०३ |

प्रस्तुत तथ्यांकलाई पाईचार्टमा प्रस्तुत गर्दा

चित्र नं. १० : छात्राहरुको नतिजाको स्थिति

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा सामुदायिक विद्यालय तर्फ कुल विद्यार्थी संख्याको २६ जना (१२.८०%) छात्राहरु सफल र ७३ जना (३६%) छात्राहरु असफल रहेको पाइएकोछ । संस्थागत विद्यालय तर्फ कूल विद्यार्थी संख्याको ३९ जना (२१.८०%) छात्राहरु सफल र ६४ जना (३५.७५%) छात्राहरु असफल रहेको पाइएकोछ । दुवै विद्यालयको नतिजा विश्लेषण गर्दा सामुदायिक विद्यालय मा भन्दा संस्थागत विद्यालयमा छात्रहरुको सिकाई उपलब्धी वढी रहेको पाइएकोछ ।

सिकाई उपलब्धी अभिवृद्धि गर्नकालागि कामदारको वैज्ञानिक व्यवस्थापन गर्नु पर्ने, तालिम दिएर दक्षता वढाउनु पर्ने, व्यवस्थापन पक्ष र कामदार वीच आत्मीय सम्बन्ध स्थापित गर्नु पर्ने, साथै कामदारहरुको कमि कमजोरीको कारण पहिल्याई कर्मचारीको दक्षता वढाउनु पर्ने र पारदर्शी संचार व्यवस्था गर्नु सके उपलब्धी अभिवृद्धि गर्न सकिन्छ । सिकाईलाई विद्यार्थीहरुको मनोविज्ञानका आधार पहिचान गरी योजनावद्ध र चरणवद्ध रुपमा सिकाई गर्न सके उपलब्धी हासिल गर्न सकिने कुरा सर्वविधितै रहेको छ । सामुदायिक विद्यालयमा शिक्षकहरुको व्यवस्थापनमा उच्च मानसिकता र पूर्ण परिभाषित रुपमा गर्न नसकिएको अवस्था र संस्थागत विद्यालयमा कामदार व्यवस्थापक प्रति वढी जिम्मेवारी पूरा गर्ने व्यवस्थापन रहेकोले संस्थागत विद्यालयको सिकाई उपलब्धी वढी रहेको पाइएको छ । सामुदायिक विद्यालयमा विद्यार्थीहरु आर्थिक, सामाजिक, साँस्कृतिकरुपमा सामान्य अस्थाका रहेका र संस्थागत विद्यालयमा ती पक्षहरुमा वढी सक्षम रहेका कारणले पनि सिकाई उपलब्धी तुलनात्मक रुपमा वढी रहेको पाइएको छ । सामुदायिक विद्यालयका छात्राहरु तथा छात्रहरुको उपलब्धी भन्दा संस्थागत विद्यालयको सिकाई उपलब्धी पनि तुलनात्मक रुपमा बढी रहेको देखिएको छ । यसलाई विश्लेषण गर्दा व्यवस्थापन, शिक्षण विधि, सह क्रियाकलाप, अतिरिक्त पाठ्यपुस्तकको पर्याप्तता, सिकारुको मनोविज्ञान पहिचान, सिकाईका उपयुक्त रणनीतिको योजना, शिक्षकहरु शिकाई प्रतिको उत्तरदायित्व जस्ता आधारहरुले सिकाई उपलब्धीमा भिन्नता ल्याइएको पाइएको छ ।

## ४.२ सामुदायिक र संस्थागत विद्यालयको परीक्षाको परिणाममा भिन्नता आउने कारणहरु

### ४.२.१. शिक्षकको विषयगत सिकाईको प्रतिक्रिया प्रस्तुतीकरण

तालिका नं. ११ विषयगत सिकाईको स्थिति

| विषय | वुम | अर्थशास्त्र | वजारशास्त्र | लेखा | माकेटिङ्ग | अंग्रेजी |
|---|---|---|---|---|---|---|
| संख्या | ८( ६६.६६%) | ६(५०%) | १० (८३.३३%) | ५(४१.१६%) | १२(१०० %) | ६(५०%) |

तालिका नं. ११ लाई विश्लेषण गर्दा शिक्षकहरको विषय अध्यायन गर्न सजिलो (कम समस्या) ६ भनि ६६.६६% को जवाफ पाइएकोछ । अर्थशास्त्र विषय अध्यायन गर्न ५०%

शिक्षकहरुले कम समस्या रहेको जवाफ पाइया । वजारशास्त्र अध्यायनमा कम समस्या छ भनि ८३.३३% को जवाफ पाइएकोछ । लेखा अध्यायन गर्न ४१.१६% ले समस्या रहेको जवफ पाइएकोछ । मार्केटिङ्ग अध्यायन गराउन १००% ले समस्या नरहेको जवाफ दिएको पाइएकोछ । अंग्रेजी विषय अध्यायन गर्न ५०% ले कम समस्या रहेको जवाफ पाइएकोछ ।

चित्र नं. ११ : विषयगत सिकाई अवस्था

## ४.२.२ व्यवस्थानमा देखिएका समस्या प्रति शिक्षकको प्रतिक्रिया


तालिका नं. १२ सिकाई व्यवस्थापनको स्थिति

| समस्या | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| १. शिक्षण विधि | ३ (५०%) | ३ (५०%) |
| २. व्यवस्थापन | ४ (६६.६%) | ५ (८३.३%) |
| ३. विद्यार्थीको मिहेनत | ५ (८३.३%) | ४ (६६.६%) |
| ४. स्रोत र साधन परिचालन | ५ (८३.३%) | ३ (५०%) |

तालिका नं..१२ लाई विश्लेषण गर्दा विद्यार्थीहरुलाई सिकाईमा सफल वनाउन देखिएका समस्याहरको वारेमा सोधिएको प्रश्नको जवाफमा सामुदायिक विद्यालय शिक्षकले शिक्षण विधिमा ५०% र संस्थागत विद्यालय शिक्षकले ५०% समस्या देखाइएको पाइएकोछ । व्यवस्थापन समस्याको विषयमा सामुदायिक विद्यालय शिक्षकले ६६.६% समस्या देखाइएको

पाइएकोछ । विद्यार्थीहरुको मिहेनतमा सफलता भर पर्दछ भन्ने विषयमा सामुदायिक शिक्षकहरुको मन ८३.३% र संस्थागत विद्यालय शिक्षकको मत ६६.६% पाइएकोछ । विद्यार्थीको सफलता स्रोत र साधनको उचित परिचालन गर्नु पर्छ भन्ने विषयमा सामुदायिक विद्यालय शिक्षकहरुको मत ८३.३% र संस्थाागत विद्यालय शिक्षकहरुको मत ५०% रहेको पाइएकोछ ।

चित्र नं. १२ : सिकाई व्यवस्थापनको अवस्था




## ४.२.३ विद्यार्थीको नतीजा प्राप्ती पछिको प्रतिक्रिया


तालिका न १३ विद्यार्थीको विषयगत सिकाई स्थिति

| विषय | संस्थागत विद्यालय | सामुदायिक विद्यालय |
|---|---|---|
| वुम | ३(७५%) | ४(१००%) |
| वजारशास्त्र | २(५०%) | ३(७५%) |
| अंग्रेजी | ४(१००%) | १(२५ %) |
| लेखा | ३(७५%) | २(५०%) |

तालिका न १३.लाई विश्लेषण गर्दा जम्मा ४ जना संस्थागत र ४ जना सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई कुन विषय अध्ययन गर्न सजिलो हुन्छ भनि सोधिएको प्रश्नको जवाफको विश्लेषण गर्दा वुम विषय अध्ययन गर्न ७५% संस्थागत

विद्यार्थी र १००% सामुदायिक विद्यार्थीको मत रहेको पाइएकोछ । वजारशास्त्र अध्यायन गर्न ५०% संस्थागत विद्यार्थी र ७५% सामुदायिक विद्यालयका विद्यार्थीहरुले सजिलो रहेको मत दिइएको पाइएकोछ ।

चित्र नं. १३ : विषयगत सिकाईको अवस्था




### ४.२.४ विद्यार्थीको विषयगत जिम्मेवारी प्रति प्रिन्सिपल तथा प्राचार्यको प्रतिक्रिया

तालिका नं १४. सिकाईमा जिम्मेवारीको स्थिति

| विषय | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| १. विद्यालय वातावरण सुधार गर्ने | २ (४०%) | ३ (६०% ) |
| २ सिकाइमा विद्यार्थी सहभागिता वढाउने | १ (२०%) | ४(८०%) |
| ३. स्रो र साधनको उत्तम प्रयोग गर्ने | ३(६०%) | २(४०%) |
| ४. प्रशासनिक भूमिका सक्रिय वनाउने | ३ (६०%) | २ (४०%) |

तालिका न १४ का आधारमा विश्लेषण गर्दा विद्यालय सँग सम्वन्धित प्राचार्य र स्रोत व्यक्तिलाई विद्यार्थीको मिहेनत र जिम्मेवारी वढाउन के गर्नु पर्छ भनि सोधिएको प्रश्नको जवाफ को विश्लेषण गर्दा विद्यालय वातावरण सुधारमा ४०% सामुदायिक र ६०% संस्थागत प्रिन्सिपलको मत रहेको पाइएकोछ । विद्यर्थी सहभागिता सम्वन्धमा २०% मत

सामुदायिक र ८०% मत समस्यामा प्रिन्सिपलहरुको मत पाइएकोछ ।विद्यार्थीको मिहेनत र जिम्मेवारी वढाउन स्रोत र साधनको परिचालन गर्नु पर्छ भनि सामुदायिक विद्यालय प्रिन्सिपलहरुको मत ६०% र संस्थागत प्रिन्सिपलको मत ४०% रहेको पाइएकोछ । त्यस्तै विद्यार्थीहरु मिहेनत र जिम्मेवारी वढाउन प्रशासनिक सक्रियता पढाउनु पर्छ भनि ६०% सामुदायिक प्रिन्सिपल र ४०% संस्थागत प्रिन्सिपलहरुको मत रहेको पाइएकोछ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा देखाउँदा

चित्र नं. १४ : विद्यार्थीहरुको जिम्मेवारीको स्थिति

### ४.२.५ विद्यार्थी असफलताका कारण प्रति शिक्षकहरुको प्रतिक्रिया

तालिका नं १५ विद्यार्थी असफलताको दर

| कारण | सामुदायिक | संस्थागत |
|---|---|---|
| विद्यार्थी मिहेनत कम | ५ (८३.३३%) | ३ (५०%) |
| शिक्षण विधि अनुपयुक्त | ३ (५०%) | २ (३३.३३%) |
| स्तरहिन आधार | ६ (१००%) | ४ (६६.६६%) |

प्रस्तुत तालिकालाई स्तम्भचित्रमा देखाउँदा

चित्र नं. १५ : विद्यार्थी असपलताको दर

तालिका न १५ मा विद्यार्थी अनुर्त्तिण हुने कारणहरु सामुदायिक र सस्थागत विद्यालय शिक्षकहरुलाई सोधिएको प्रश्नको जवाफको विश्लेषण गर्दा विद्यार्थी मिहेनत कम भनि ८३.३३% सामुदायिक शिक्षक र ५०% संस्थागत शिक्षक को मत रहेको पाइएकोछ । शिक्षण विधी अनुपयुक्त रहेको भनि ५०% सामुदायिक र ३३.३३% संस्थागत शिक्षकहरुको मत पाइएकोछ । विद्यार्थीहरुको स्तरहीन आधार रहेको कारण १००% सामुदायिक र ६६.६६% संस्थागत शिक्षकहरुको मत पाइएकोछ ।

## ४.२.६ छात्र र छात्राको लगनशिल प्रति प्राचार्य र शिक्षकहरुको प्रतिक्रिया

तालिका नं १६ विद्यार्थीको लगनशिलताको स्थिति

| विद्यार्थी | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| छात्र | ७ (५८.३३%) | ५ (४१.६६%) |
| छात्रा | ६ (५०%) | ६ (५०%) |

प्रस्तुत तथ्यांकलाई स्तम्भ चित्रमा देखाउँदा

चित्र नं. १६ : विद्यार्थी लगनशिलताको दर

माथिको तालिकामा छात्र र छात्रा मध्ये को वढी सक्रिय छन् भनि सोधिएको प्रश्नको जवाफमा सामुदायिक विद्यालयका प्राचार्य र विद्यार्थी ५८.३३% र संस्थागत प्रिन्सिपल र विद्यार्थीहरु ४१.६६% मत छात्राहरु वढी रहेको मत पाइएकोछ । त्यस्तै छात्राहरु वढी सक्रिय रहेको मत ५०% विद्यार्थीको रहेको पाइएकोछ ।

## ४.२.७ उत्तीर्ण दर वढाउने कारणहरु

तालिका नं. १७ विद्यार्थी उत्तीर्ण दरको स्थिति

| मत | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| १. तालिम र व्यवस्थापन सुधार | ६(७५%) | ६(७५%) |
| २. विद्यार्थीको आधार निर्माण गर्ने | ४(५०%) | ६(७५%) |
| ३. स्रोत र साधनको परिचालन | ६(७५%) | ५(६२.५०%) |
| ४. अभिभावकलाई सक्रिय वनाउने | ५ (६२.५०%) | ६(७५%) |

तालिका नं १७विद्यार्थी उत्तीण दर  वढाउने कारण ४ जना प्राचार्य र १२ जना शिक्षकलाई सोधिएको कारणको उत्तरको मत विश्लेषण गर्दा तालिम र व्यवस्थापन सुधारमा  ७५% सामुदायिक प्राचार्य र शिक्षकहरु र ७५% संस्थागत प्राचार्य र शिक्षक सहमत देखिएको पाइएकोछ । विद्यवर्थी आधार निर्माणमा ५०% सामुदायिक र ७५% सस्थागत प्रचार्य र शिक्षकको मत रहेको पाइएकोछ। स्रोत र साधनको परिचालन सम्वन्धमा ७५% सामुदायिक

र ६२.५०% संस्थागत विद्यालय प्राचार्य र शिक्षकहरुको मत रहेको पाइएकोछ । अभिभावकलाई सक्रिय वनाउने सम्वन्धमा ६२.५०% सामुदायिक र ७५% संस्थागत प्राचार्य र शिक्षकहरुको मत पाइएकोछ ।

### ४.२.८ विद्यालयको शैक्षिक योजना निर्माण सम्बन्धि प्रतिक्रिया

तालिका नं. १८ शैक्षिक योजनाको स्थिति

| सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| क.स | विवरण | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | वार्षिक योजना | १ | ५०% | ० | ० % |
| २ | एकाई योजना | ० | ० % | ० | ० % |
| ३ | पाठयोजना | १ | ५०% | ० | |
| | माथिका सवै जम्मा | २ | १०० % | ४ | १०० % |

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयमा वार्षिक योजना ५०% ले वनाएको पाइएकोछ भने एकाई योजना दुवै विद्यालयमा वनाइने गरेको पाइएकोछ । सामुदायिक विद्यालयमा एकाई योजना वनाइने गरेता पनि संस्थागत विद्यालयमा वनाउने गरेको पाइएन ।

### ४.२.९ अतिरिक्त पाठ्यपुस्तकको व्यवस्था

तालिका नं १९ पाठ्य सामाग्री व्वस्थापनको स्थिति

| क सं | प्रतिक्रिया | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | छ | ३ | २५% | ६ | ५०% |
| २ | छैन | ९ | ७५% | ६ | ५०% |
| | जम्मा | १२ | १००% | १२ | १००% |

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा सामुदायिक तथा संस्थागत विद्यालयमा अतिरिक्त पाठ्यपुस्तकको व्यवस्था छ वा छैन भनि सोधिएको प्रश्नको प्रतिक्रिया सामुदायिक विद्यालयमा छन भन्ने र संस्थागत विद्यालयमा प्रयोग गरिएको छ भन्ने आएको पाइएकोछ

### ४.२.१० कक्षा समय उपयोगको स्थिति

तालिका नं. २० सिकाई समयको स्थिति

| क.स | विवरण | शिक्षकले कक्षामा दिने समय | | | |
|---|---|---|---|---|---|
| | | सामुदायिक | | संस्थागत | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पुरै समय | १ | ५०% | २ | १०० % |
| २ | ढिलो जाने छिटो निस्कने | १ | ५०% | ० | ० % |
| ३ | समय परिधि मै वाहीरी कुरा गर्छन् | ० | ० % | ० | ० % |
| | जम्मा | २ | १०० % | २ | १०० % |

प्रस्तुत तालिका नं २०लाई अध्ययन गर्दा शिक्षकले शिक्षण गर्दा कत्तिको समय दिनुहुन्छ भनि सोधिएको प्रश्नमा सामुदायिक विद्यालयका ५०%पूरै समय दिने १००% ढिलो जाने छोड्ने र समय परिधिमै वाहीरी कुरामा अल्मलिने शिक्षकहरु नभेटिएको पाइएकोछ । संस्थागत विद्यालयमा कक्षामा पूरै समय दिने १००% शिक्षकहरुको प्रतिक्रिया पाइएकोछ । सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा सिकाई उपलब्धी कक्षामा शिक्षकले पूरै समय दिइएका कारण भएको निश्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.११ पाठ्क्रमको उपलब्धता, तालिम, मूल्यांकन र निरीक्षण

तालिका नं. २१ मूल्यांकन र निरीक्षणको स्थिति

| क.स. | विवरण | प्रतिक्रिया | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विद्याथीसँग पाठ्य पुस्तक छ ? | छ | ३ | ५०% | ४ | ६६% |
| | | छैन | ३ | ५०% | २ | ३४% |
| २ | तालिम लिनु भएको छ ? | छ | २ | ३३% | १ | १७% |
| | | छैन | ४ | ६७% | ५ | ८३% |
| ३ | कक्षा मूल्यांकन र गृहकार्यको व्यवस्था | छ | १ | - | ३ | ५०% |
| | | छैन | ४ | - | ३ | ५०% |
| ४ | विद्यालय निरीक्षण | छ | - | - | - | - |
| | | छैन | ६ | १००% | ६ | १००% |

प्रस्तुत तालिका नं २१ लाई अध्ययन गर्दा सामुदायिक र संस्थागत जम्मा १२ जना शिक्षक सँग सोधिएको प्रश्नको प्रतिक्रिया को नतिजा विश्लेषण गर्दा विद्यार्थीसँग पाठ्यपुस्तक छैन र छ भन्ने सामुदायिक शिक्षकहरुको प्रतिशत ५०% रहेको पाइएकोछ भने संस्थागत शिक्षकहरु मध्ये छ भन्ने ६७% र छैन भन्ने ३३% रहको पाइएकोछ । तालिम लिनु भएको छ छैन भनि गरिएको प्रश्नको प्रक्रियामा सामुदायिक विद्यालय का ३३% तालिम प्रप्त र  ६७% तालिम अप्राप्त रहेको पाइएकोछ भने संस्थागत विद्यालयका १७% ले तालिम ,गोष्ठी गरेको र ८३% ले प्राप्त नगरेकाृ कुरा रहेको पाइएकोछ । कक्षा मूल्याङ्कन र गृहकार्य सन्दर्भमा सामुदायिक विद्यालयका १७% ले गरेकोृ र ८३% ले नगर्ने गरेको पाइएकोछ भने संस्थागत विद्यालयका ५०% शिक्षकले गृहकार्य गर्ने गरेको र ५०% ले नगर्ने गरेको पाइएकोछ । त्यसरी नै विद्यालय मा निरिक्षाणको व्यवस्था छ छैन भनि सोधिएको प्रश्नको प्रतिक्रिया अनुसार सामुदायिक विद्यालयमा छैन भन्ने १००% शिक्षक पाइएकोछ भने संस्थागत विद्यालयका शिक्षकहरुको मत पनि १००% नै रहेको पाइएकोछ।

### ४.२.१२. शिक्षण विधिको प्रयोग

तालिका न. २२ शिक्षण विधिको अवस्था

| क.स. | विवरण | शिक्षण विधिको प्रयोग | | | |
|---|---|---|---|---|---|
| | | सामुदायिक | | सस्थागत | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | व्याख्यान् विधि | २ | ३३.३३% | १ | १७ % |
| २ | समस्या समाधान विधि | १ | १७ % | २ | ३३.३३% |
| ३ | छलफल विधि | १ | १७ % | १ | १७ % |
| ४ | प्रश्नोत्तर विधि | २ | ३३.३३% | २ | ३३.३३% |
| | जम्मा | | | | |

प्रस्तुत तालिका नं. २२ लाई अध्ययन गर्दा व्यख्यान विधिको प्रयोग ३३.३३% शिक्षकहरु सामुदायिक विद्यालयका र १७% शिक्षकहरु संस्थागत विद्यालयका रहेको पाइएकोछ ।समस्या समाधान विधिको उपयोग गर्न १७% शिक्षकहरु सामुदायिक विद्यालयका र ३३.३३%

शिक्षकहरु संस्थागत विद्यालयका रहेको पाइएकोछ । छलफल विधिको उपयोग गर्न सामुदायिक र सस्थागत दुवै विद्यालयका १७% शिक्षकहरुले अवलम्वन गर्ने गरेको पाइएकोछ त्यसरी नै प्रश्नोत्तर विधिको प्रयोग सामुदायिक र सस्थागत दुवै विद्यालय का ३३.३३% ले प्रयोग गरेको पाइएकोछ ।

### ४.२.१३ सह-क्रियाकलापको प्रयोग (शिक्षक प्राचार्य )

तालिका नं. २३ सहक्रियाकलाप स्थिति

| क.स. | प्रतिकिया | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | छ | २ | २५% | ६ | ७५% |
| २ | छैन | ६ | ७५% | २ | २५% |
| | जम्मा | ८ | १०० % | ८ | १०० % |

प्रस्तुत तालिका नं. २३ मा अध्ययन गर्दा विद्यालयमा सहकियाकलापको प्रयोग छ वा छैन भनि सोधिएको प्रश्नको प्रतिक्रियालाई विश्लेषण गर्दा छ भन्ने प्रतिक्रिया दिने शिक्षक र प्राचार्य २५% सामुदायिक विद्यालयका ७५% शिक्षकहरु र प्राचार्य रहेको पाइएकोछ । त्यसरी नै सहक्रियाकलाप कार्यकमको प्रयोग छैन धन्ने प्रतिक्रिया ७५% मत सामुदायिक विद्यालय र २५% मत संस्थागत विद्यालय शिक्षक र प्राचार्यको रहेको पाइएकोछ ।यसरी सहकियकलाप कार्यकम संचालन गर्दा सिकाई उपलब्धीमा सकारात्मक प्रभाव पार्दछ भन्ने मत संस्थागत विद्यालयको मत रहेको निष्कर्ष देखियो ।

# परिच्छेद- पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति :

सामदुदायिक र संस्थागत उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुको व्यवस्थापन समूहका विषयहरुमा सिकाई उपलब्धीको तुलनात्मक अध्ययन शिर्षैकमा छनौटमा परेका विद्यालय, प्राचार्य, शिक्षक र विद्यार्थी विदार्थीको नतिजाको विश्लेषणात्मक अध्ययनबाट देहायका तथ्यहरु प्राप्त भएका छन् ।

संस्थागत उच्च मा.वि.को विद्यार्थीको विषयत उपलब्धी सामुदायिक उच्च माध्यमिक विद्यालयका विद्यार्थीँहरुको विषयत उपलब्धी भन्दा बढी रहेको पाइयो ।
सामुदायिक उच्च मा.वि.का छात्रहरुको सिकाई उपलब्धी भन्दा संस्थागत विद्यालयको छात्रहरुको सिकाई उपलब्धी राम्रो पाइयो ।
सामुदायिक उ.मा.वि.का छात्राहरु भन्दा संस्थागत उ.मा.वि.का छात्राहरुको सिकाई उपलब्धी राम्रो रहेको पाइयो ।
सामुदायिक विद्यालयमा बुम र मार्केकेडिङ्ग जस्ता विषयहरु अध्यापन गर्न सरल र संस्थागत विद्यालयहरुमा लेखा, अंग्रेजी जस्ता विषय अध्यापन गर्न सरल रहेको पाइयो ।
सामुदायिक विद्याथलयमा व्यवस्थापनलाई दोष देखाई उत्तरदायित्व बढी रहेको पाइयो ।
सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा विद्यार्थीहरु बढी मेहेनती र जिम्मेवारी पाइयो ।
सामुदायिक विद्यालयमा भन्दा विद्यालथयमा विद्यार्थीहरुको लगनशिलता बढाउने प्रयास बढी रहेको पाइयो।
सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा सह-क्रि-कलाप कार्यक्रम र अतिरिक्त पाठ्यपुस्तक बढी प्रयोग गरिएको पाइयो ।
सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा शिक्षकहरुले समय बढी दिने र विद्यार्थी सक्रियता बढाउने गरेको पाईयो ।
सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा परीक्षा बढी संचालन गरेको पाइयो ।

## ५.२. निष्कर्ष :

छनौट गरिएका नमूनाबाट प्राप्त तथ्यङ्क विश्लेषण र प्रस्तुतिकरणबाट सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको सबै विषहरुको सिकाई उपलब्धी उच्च रहेको पाइयो । छात्र र छात्राहरुको सिकार्य उपलब्धी विद्यालयमा नै उच्च रहेको पाइयो । शिक्षण सिकाई प्रविधि परम्परागत रुपमा संचालन हुनु, शिक्षकहरुलाई तालिमको कमि हुनु, अतिरिक्त पाठ्यपुस्तकको अभाव हुनु, सिकाई प्रति विद्यार्थीहरुको

लगनशिलता कमि हुनु सहनक्रियाकलाप कार्यक्रमको प्रयोग कमि हुनु, शिक्षक पेशाप्रति उदासिन रहनु, कमजोर विद्यार्थीका लागि पृथक व्यवस्था नगरिनु आधारित विद्यार्थीहरु उच्च माध्यमिक तहमा प्रवेशद्वार खुल्ला हुनु जस्ता समस्याहरु रहेकोमा शिक्षक, विद्यार्थी र व्यवस्थापन बीच प्रयोग गरिने पर्याप्त शिक्षण प्रविधि; सामाग्रीको उपलब्ध र वैज्ञानिक प्रयोग गर्न सके व्यवस्थापन समूहका विषयहरुमा विद्यार्थीको सिकार्य उपलब्धीमा सूधार आउन सक्ने सम्बन्धित प्रतिक्रिया दाताहरुले औंल्याएका छन् ।

यसरी एफ डब्लु टेलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार प्राचार्य र शिक्षकहरु वीच समझदारी सामाञ्जस्यता, आत्मीय व्यवहार हुनुपर्ने वैज्ञानिक ढँगले विभिन्न विषयहरुको शिक्षण गर्न सामाग्रीहरुको व्यवस्था गर्नै पर्ने, शिक्षकलाई तालिमको व्यवस्था तथा प्रभावकारी प्रविधि विकास गर्नुपर्ने, शिक्षकहरुलाई आफ्नो कामको छनौट गराउनु पर्ने, शिक्षकलाई पुरुस्कृत वा सम्मानको व्यवस्था गर्न सके सामुदायिक विदालय र संस्थागत विद्यालयमा विषयगत रुपमा रहेको उपलब्धीको भिन्नतालाई कम गर्न सकिन्छ ।

## ५.३. सुझावहरु

सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरुको वार्षिक परीक्षामा विषयगत उपलब्धीको तुलनात्मक अध्ययनमा प्राप्त तथ्याङ्क र प्रतिक्रिया विश्लेषण गरी देखा परेका समस्याहरुको समाधान गर्नका लागि देहायका सुझावहरु दिन सकिन्छ ।

अध्ययनमा छनौट गरिएका विद्यालयमा अतिरिक्त पाठयपुस्तकको पर्याप्तता सम्बन्धि प्रश्नको प्रतिक्रिया कम रहेकोले सम्बन्धित निकायले अतिरिक्त पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने देखिन्छ ।

शिक्षकहरुलाई सम्बन्धित विद्यावयका विद्यार्थीहरु सँग अतिरिक्त पाठ्यपुस्तक भए नभएको प्रतिित्रया लिँदा मिश्रीत प्रतिक्रिया आएकोले सामुदायिक विद्यालयका विद्यार्थीहरुले आर्थिक अभावका कारण पाठ्यपुस्तक नभएको पाइयो । तसर्थ पाठ्यपुस्तक सरल र सुलभ तरीकाले गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई प्रदान गर्नु पर्ने देखिएको छ ।

सामुदायिक उच्च मा.वि.मा शिक्षण सामाग्रीहरुको व्यवस्था हुनु पर्ने देखिएको छ ।

उच्च माध्यमिक तहमा आधारहिन विद्यार्थीहरुको ठूलो परिमाण प्रवेश भइरहेकोले प्रवेशिका परिक्षालाई मर्यादित र सान्दार्भिक बनाउनु पर्ने देखिएको छ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई योजना बद्ध शिक्षण सिकाई रणनीति तयार गरी सिकाई गर्नु गराउनु पर्ने देखिन्छ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई सह-क्रियाकलाप कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नृ गराउने चुस्त व्यवस्था गर्नु पर्ने देखिएको छ ।

सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई राजनैतिक प्रभाव बढी रहेकोले उत्त प्रभाव द्वारा बञ्चीत गराउनु पर्ने देखिएको छ ।

सामुदायिक विद्यालयहरुमा प्रशासनिक तथा व्यवस्थापन पक्षमा सुधार गरी व्यवस्थित गर्नु पर्ने देखिएको छ ।